सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा

**फैसला**

०७७-WF-००१४

**मुद्दाः बन्दीप्रत्यक्षीकरण।**

| | |
|---|---|
| जिल्ला पाँचथर साविक एकतिन गा.वि.स. वडा नं. २ हाल फालेलुङ्ग गाउँपालिका वडा नं. २ घर भई जिल्ला झापा दमक नगरपालिका वडा नं. ५ ट्राफिक मार्ग बस्ने हाल कारागार कार्यालय नख्खुमा गैरकानूनी थुनामा रहेका भेषराज खत्री ..................................१ | निवेदक |
| **विरुद्ध** | |
| उच्च अदालत पाटन.........................................................१<br>कारागार कार्यालय, नख्खु, ललितपुर ..................................१ | प्रत्यर्थी |

**यस अदालतमा आदेश गर्नेः** माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
मितिः २०७८।०१।१३

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनमा यस अदालतको मिति २०७७।०१।१३ को संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ २(ग) बमोजिम पूर्ण इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः

**तथ्यगत व्यहोराः**

१. म निवेदक भेषराज खत्री प्रचलित कानून बमोजिम आफ्नो पेशा, व्यवसाय सञ्चालन गरी Everest Engineering Consultancy सञ्चालन गरेको एक रजिष्ट्रार्ड ईन्जिनियर

तथा मूल्याङ्कनकर्ता हुँ। ऋणी जग्गाधनी सुरेन्द्र श्रेष्ठले बैङ्क अफ काठमाण्डौमा आफ्नो नाममा दर्ता भएको झापा जिल्ला कन्काई नगरपालिका वडा नं. ९ को कि.नं. ३५९६ र ३२७१ को क्षेत्रफल क्रमश ०-२-१० र ०-२-० जग्गाहरु महेन्द्र राजमार्गसँग जोडिएको भनी झुक्याई बैङ्कमा पेश गरी एक ठाउँको जग्गा देखाई अर्को ठाउँको जग्गा धितो राखी, गलत मूल्याङ्कन गरी गराई बैङ्कलाई हानी नोक्सानी गरेको र सो क्रममा पेश गरिएका कागजातहरु नक्कली भएको भनी मलाई मूल्याङ्कनकर्ता देखाई जरिया एकै भएकोमा झापा जिल्ला अदालतमा लिखत सम्बन्धी कसुर सरकारी छाप दस्तखत कीर्ते मुद्दा (०७६-C१-०२३५) एवम् उच्च अदालत पाटनमा बैङ्किङ्ग कसुर मुद्दा (०७६-CB-०५७२) दर्ता गरिएको रहेछ। यी मुद्दाहरुको प्रारम्भिक सुनुवाई हुँदा झापा जिल्ला अदालतले ३,००,०००।– (तीन लाख) धरौटी माग गरेको साथै उच्च अदालत पाटनले बैङ्किङ्ग कसुर मुद्दा चलाई १,५८,००,०००।– (एक करोड अन्ठाउन्न लाख) धरौट रकम माग गरेको अवस्था छ। यी दुवै मुद्दामा मैले कसूर स्वीकार नगरी अदालतबाट माग गरेको धरौट रकम बुझाई कानून बमोजिम दुबै मुद्दामा तारेखमा बसी मुद्दाको पुर्पक्ष गर्दै आएको छु। यसैक्रममा झापा जिल्ला अदालतमा २०७६।०९।०३ गतेबाट तारेखमा बस्दै आएकोमा अन्तिमपटक २०७७।११।२१ गतेको दिन हाजिर भएको देखिन्छ भने उच्च अदालत पाटनमा २०७६।७।२१ गतेबाट अन्तिमपटक २०७७।१२।१६ गतेसम्मै साधारण तारेखमा रहेको उच्च अदालत पाटनको तारेख पर्चाबाट समेत देखिन्छ। यहीक्रममा मिति २०७७।१२।१६ गते उच्च अदालतको पत्र संख्या ०७७/७८ च.नं. ३२६९ बमोजिम उच्च अदालत पाटनले माग गरेको धरौट रकम सर्वोच्च अदालतबाट भएको आदेशद्वारा बदर भएकाले निज प्रतिवादीलाई कानून बमोजिम सिधा खान पाउने गरी थुनामा राख्न पठाएको व्यहोरा अनुरोध छ भन्ने ब्यहोरा लेखिएको पत्र मलाई थमाई उच्च अदालत पाटन परिसरबाट पक्राउ गरी हाल कारागार कार्यालय नख्खुमा थुनामा राखिएको छ। सर्वोच्च अदालतबाट भएको आदेशको सम्बन्धमा कानून व्यवसायी मार्फत नक्कल सारी बुझ्ने क्रममा यस अदालतको संयुक्त इजलासबाट २०७७।०३।१५ गतेका दिन मलाई मुलुकी फौजदारी कार्यबिधि संहिताको, २०७४ को दफा ६८ बमोजिम थुनुवा पुर्जी दिई थुनामा पठाउनु भन्ने आदेश भएको रहेछ। यसरी सर्वोच्च अदालतबाट मेरा बिरुद्ध आदेश हुँदासमेत मलाई सो बारेमा केही

जानकारी नगराइनु, सर्वोच्च अदालतबाट आदेश भएपश्चात समेत ९ पल्टसम्म तारेखमा नै रहेको तथ्य समेत अदालतबाट जारी गरिएका तारेख पर्चाबाट स्थापित भइसकेको छ।

यसरी अदालतको आदेश बमोजिम तारेख वा धरौटमा छुटी कानून बमोजिम निरन्तर तारेखमा रहेको प्रतिवादीलाई समेत कुनै जानकारी नदिई अभियोजन पक्षले गरेको निवेदनको एकतर्फी सुनुवाई गरी थुनामा पठाउने कार्य नेपालको संविधानले संरक्षण गरेको धारा २० को स्वच्छ सुनुवाईको हकको मर्म विपरीत छ। आफ्ना बिरुद्ध हुने सबै कारवाहीको जानकारी पाउने हक संविधानको धारा २०(८) मा संरक्षित रहेकोमा आदेश भएको ९ महिनापछिमात्रै आफु विरुद्ध भएको आदेश तारेख लिन जाने क्रममा मात्रै थाहा पाउनु र थाहा हुँदाका बखत नै समाति थुनामा राख्ने कार्य असंबैधानिक रहेको प्रष्ट छ। तल्लो अदालतबाट भएको थुनछेक आदेशउपर माथिल्लो पुनरावेदन सुन्ने तहमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७३ बमोजिम निवेदन सुन्दा व्यक्ति निवेदक रहेको अवस्थामा नेपाल सरकारलाई सूचना संप्रेशित गरी दफा ७३ बमोजिमको निवेदनमा नेपाल सकारको प्रतिरक्षाका सरकारी वकिल मार्फत गरिन्छ भने दफा ७३ बमोजिमको निवेदनमा नै निवेदक नेपाल सरकार रहेको अवस्थामा प्रतिवादीलाई निजका कुरा राख्न नदिई एकतर्फी सुनुवाई गरी आदेश गर्नु दुवै पक्षको बहस सुनी आदेश गर्नुपर्ने प्राकृतिक न्यायको सिद्धान्त बिपरित छ। यस्तो कार्यले मलाई Miscarriage of Justice भएकाले यस्तो अवस्थामा मेरो थुनाको सम्बन्धमा पुनः न्यायिक पुनरावलोकन गरिनु अनिवार्य छ। हालको थुना मौलिक तथा वैयक्तिक हकको प्रतिकुल भई गैर कानूनी एवम् प्राकृतिक न्याय विरुद्द भएकाले संविधानको १३३(२) र (३) साथै सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी मलाई गैरकानूनी थुनाबाट मुक्त गरीपाँऊ भन्ने समेत व्यहोराको मिति २०७७।१२।२० गतेको भेषराज खत्रीको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनुनपर्ने भए सोको आधर र कारणसहित बाटाको म्याद बाहेक म्याद सूचना पाएको मितिले ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपि

साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि व्यतित भएपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको जानकारीसमेत दिई मुद्दा नं. ०७६-CB- ०५७२ को बैङ्किङ्ग कसूर मुद्दाको सक्कल मिसिल उच्च अदालत पाटनबाट झिकाई साथै राखी नियमानुसार पेस गर्नू भन्ने मिति २०७७।१२।२४ को यस अदालतको आदेश।

३. रिट निवेदक/ विपक्षी भेषराज खत्रीबाट १,५८,००,०००।–(एक करोड अन्ठाउन्न लाख) नगद वा सो बराबरको जेथा जमानत वा बैङ्क ग्यारेन्टी लिनु दिन नसके कानून बमोजिम थुनामा राख्न पठाई दिनु भनी मिति २०७६।०६।१० को थुनछेक आदेश। उक्त आदेश बमोजिम धरौटी दिन नसकी थुनामा रही पछि जेथा जमानत राखी तारेखमा रहेकोमा उक्त आदेश उपर ताँहा सम्मानित अदालत निवेदन परी ०७६-RE-०१४४ को निवेदनमा मिति २०७७।०३।१५ मा आदेश हुँदा यस अदालतको आदेश बदर भई भेषराज खत्रीलाई थुनामा राख्न पठाउनु भनी आदेश प्राप्त हुन आएकोले सम्मानित अदालतकै आदेश बमोजिम थुनामा राख्न पठाईएको विषय हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने उच्च अदालत पाटनको मिति २०७८।०१।०३ गते यस अदालतमा पेश भएको लिखित जवाफ।

४. रिट निवेदक/ विपक्षी भेषराज खत्री भएको बैङ्किङ्ग कसुर मुद्दामा उच्च अदालत पाटनको च.नं. ३२६९ मिति २०७७।१२।१६ को थुनुवा पुर्जी अनुसार थुनामा राखिदिन लेखि आए बमोजिम निजलाई नियमानुसार सिदा खान पाउने गरी थुनामा राखिएको हुँदा निज निवेदकको माग बमोजिम यस कार्यालयको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु नपर्ने भएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने कारागार कार्यालय, नख्खु ललितपुरका कार्यालय प्रमुखको मिति २०७८।०१।०३ गते यस अदालतमा पेस भएको लिखित जवाफ।

५. यसमा प्रतिक श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुरेन्द्र श्रेष्ठसमेत भएको बैङ्किङ्ग कसुर मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६।०६।१० मा भएको आदेश उपर यस अदालतमा परेको निवेदन/ प्रतिवेदन ०७६-RE-०१४४, ०७६-RE-०१९९ समेतमा यस अदालतबाट मिति २०७७।०३।१५ मा भएको आदेश सहितको मिसिल साथै राखी प्रस्तुत रिट निवेदन मिति २०७८।०१।१३ मा पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने मिति २०७८।०१।१० यस अदालतको आदेश।

६. निवेदकका विरुद्ध दायर गरेको बैङ्किङ्ग कसुर सम्बन्धी ०७६-CB-०५७२ को मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६।०६।१० मा रु. एक करोड अन्ठाउन्न लाख धरौट माग भएकोमा सो बुझाई तारेखमा मुद्दाको पुर्पक्ष गरिरहेको थिए। उक्त मुद्दामा सर्वोच्च अदालतको मिति २०७७।०३।१५ को आदेशले पुर्पक्षका निम्ति मलाई थुनामा राख्नु भनी आदेश भएको रहेछ। सो कुरा उक्त मुद्दामा तारेख लिन जाँदा पक्राउ परी मिति २०७७।१२।१६ मा थाहा भयो। उल्लिखित मुद्दाको न्यायिक कारवाहीमा मलाई सरिक नगराई जानकारी पाउने हक, स्वच्छ सुनुवाईको हक र आफूले रोजेको कानून व्यवसायीको सल्लाह लिन पाउने तथा प्रतिनिधित्व गराउन पाउने हकबाट बञ्चित गरी एकपक्षीय कुरा सुनी मलाई थुनामा राख्ने गरी भएको आदेश प्राकृतिक न्यायको सिद्धान्त, समानताको सिद्धान्त एवं नेपालको संविधानको धारा २०(२), २०(८) समेतको विपरित हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन जिकिर रहेको देखियो।

७. उच्च अदालत पाटनबाट भएको उल्लिखित मिति २०७७।०६।१० को आदेश बेरितको हुँदा बदर गरिपाउँ भनी सो आदेशउपर यस अदालतसमक्ष मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा ७३ बमोजिम वादी नेपाल सरकारको तर्फबाट परेको निवेदनमा यस अदालतबाट सुनुवाई हुँदाको न्यायिक काम कारवाहीको क्रममा यी निवेदकलाई सूचना तथा जानकारी दिएको देखिँदैन। अर्कोतर्फ यी निवेदकको तर्फबाट कानून व्यवसायी उपस्थित भई बहस पैरवी प्रतिनिधित्व गरेको भनी यस अदालतबाट भएको आदेशमा उल्लेख भएको पाइँदैन। निवेदकलाई उल्लिखित मुद्दामा थुनामा राख्ने गरी मिति २०७७।०३।१५ मा यस अदालतबाट आदेश भएको देखिन्छ र यस अदालतबाट भएको उक्त आदेशसमेत बदर गरिपाउँ भन्ने निवेदकको मागदावी भएपनि प्रस्तुत निवेदनमा यस अदालतलाई विपक्षी बनाइएको अवस्था देखिँदैन।

८. बेरितको आदेश बदर गरिपाउँ भनी नेपाल सरकारको तर्फबाट उक्त संहिताको दफा ७३ अन्तर्गत दिएको निवेदनमा विपक्षीलाई जानकारी सूचना नदिई अन्तिम आदेश गर्ने प्रचलन यस अदालतबाट आत्मसात गरिआएकै देखिन्छ। तर व्यक्तिका तर्फबाट सोही कानून अन्तर्गत बेरितको आदेश बदर गरिपाउँ भनी पर्न आएको निवेदनमा भने

सामान्यतया नेपाल सरकारलाई सुनुवाई हुँदाको क्रममा उपस्थित हुने सूचना तथा पेसीको जानकारी दिने परिपाटी अवलम्बन गरेको पाईन्छ।

९. नेपालको संविधानको धारा २०(२) मा "पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ। तर शत्रु देशको नागरिकको हकमा यो लागू हुने छैन।" त्यसैगरी धारा २०(८) मा "प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ।" र धारा २०(९) मा "प्रत्येक व्यक्तिलाई स्वतन्त्र निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ"। तथा धारा १२६(१) मा "नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने छ" भन्ने संवैधानिक व्यवस्था रहेको पाईन्छ।

१०. उल्लिखित तथ्य र संवैधानिक प्रावधान अन्तरनिहित हुन आएको प्रस्तुत विवादमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गत बेरितको आदेश बदर गरिपाउँ भनी नेपाल सरकारको तर्फबाट परेको निवेदनमा यसै अदालतबाट मिति २०७७।०३।१५ मा अन्तिम आदेश भएपछि सो आदेश अगाडि सुनुवाई हुँदाको न्यायिक काम कारवाहीमा आफूलाई जानकारी नदिएको, स्वच्छ सुनुवाईको हक र कानून व्यवसायीबाट प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित गरिएको भन्ने आधारमा यस अदालतबाट मिति २०७७।०३।१५ मा भएको आदेशसमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी प्रस्तुत निवेदन पर्न आएको देखियो। यस अदालतबाट भएको उल्लिखित आदेश बदर गरिपाऊँ भन्ने मागदावी भएपनि निवेदनमा यस अदालतलाई विपक्षी बनाएको अवस्था छैन। अब उल्लिखित संहिताको दफा ७३ को निवेदनको रोहमा यसै अदालतले आदेशसमेत गरी निवेदनको अन्तिम टुङ्गो लगाइसकेपछि यस अदालतलाई विपक्षी नबनाएको अवस्थामा र सुनुवाई हुँदाको न्यायिक कामकारवाहीमा आफूलाई जानकारी नदिएको, स्वच्छ सुनुवाईको हक तथा कानून व्यवसायीबाट प्रतिनिधित्व गर्न पाउने हकबाट बन्चित गरिएको भन्ने आधारमा यस अदालतबाट भएको उक्त आदेशसमेत नेपालको संविधानको धारा १८, धारा २०(२), धारा २०(९), धारा १२६(१), धारा १३३(२)(३) बमोजिम र सुनुवाइ

हुँदाको क्रममा माथि उल्लिखित सूचना दिने नदिने दुवै प्रकारको न्यायिक परिपाटी प्रचलनसमेतका आधारमा परीक्षण र बदर गर्न सकिने नसकिने गम्भीर संवैधानिक प्रश्नको निराकरणमा जटिलता उत्पन्न भई सोको व्याख्या र निरोपण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली,२०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलासमा पेस गर्नुहोला भन्ने मिति २०७८।०१।१३ को यस अदालतको आदेश।

११. यसमा यस अदालतको संयुक्त इजलासबाट आदेश भएको ०७६-RE-०२३१, ०७६-RE-०२३२, ०७६-RE-०२३४, ०७६-RE-०२३५, ०७६-RE-०२४७, ०७६-RE-०३०६ को मिसिलहरु समेत साथै राखी मिति २०७८।०४।२८ को पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने मिति २०७८।०४।२१ को यस अदालतको आदेश।

**यस अदालतको आदेशः**

१२. नियमबमोजिम दैनिक पेशी सूचिमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री सतिशकृष्ण खरेल र श्री चन्द्रकान्त ज्ञवाली, तथा विद्वान् अधिवक्ताहरु श्री टिकाराम भट्टराई, श्री प्रबल शर्मा र श्री भावेश गौतमले रिट निवेदक भेषराज खत्रीलाई झापा जिल्ला अदालतमा सरकारी छाप दस्तखत कीर्ते एवं उच्च अदालत पाटनमा बैङ्किङ्ग कसुर मुद्दामा क्रमश ३,००,०००।–(तीन लाख) र १,५८,००,०००।–(एक करोड अन्ठाउन्न लाख) धरौट रकम माग गरेको अवस्थामा कसूर स्वीकार नगरी अदालतबाट माग भएको धरौट रकम बुझाई मुद्दाको पुर्पक्ष गर्दै आएकोमा उच्च अदालत पाटनले माग गरेको धरौट रकम सर्वोच्च अदालतबाट मिति २०७७।०३।१५ मा भएको आदेशद्वारा बदर भएकोले थुनामा पठाउनु भन्ने आदेश बमोजिम रिट नवेदकलाई उक्त अदालतको परिसरबाट पक्राउ गरी हाल कारागार कार्यालय नख्खुमा थुनामा राखेको अवस्था छ। यसरी अदालतको आदेश अनुसार निरन्तर तारेखमा रहेको निवेदक/ प्रतिवादीलाई कुनै थाहा जानकारी समेत नदिई एकतर्फी सुनुवाई गरी निवेदकलाई थुनामा पठाउने कार्य संविधानद्वारा प्रदत्त मौलिकहक अन्तर्गतको धारा २० को स्वच्छ सुनुवाईको हकको मूल मर्म विपरीत छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन

सुन्दा व्यक्ति निवेदक रहेमा नेपाल सरकारको प्रतिरक्षा गर्न महान्यायाधिवक्ताको कार्यालयलाई सूचना प्रदान गरिन्छ भने सोही निवेदनमा निवेदक नेपाल सरकार रहेको अवस्थामा प्रतिवादीलाई सूचना / जानकारी नदिई एकतर्फी सुनुवाई गर्ने कार्य उल्लेखित कानूनी व्यवस्थाको मात्र नभई प्राकृतिक न्यायको सिद्धान्तसमेतको प्रतिकूल हुन जान्छ। यसरी निवेदकको नेपालको संविधानद्वारा प्रदत्त मौलिक एवं कानूनी हक र मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजले सुनिश्चित गरेको अधिकार समेतमा बाधा परेको छ। यस्तो कार्यले निवेदकलाई Miscarriage of Justice भएकोले निजको थुनाको सम्बन्धमा पुनः न्यायिक पुनरावलोकन गरी विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी गरी निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरिनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. नेपालसरकारको तर्फबाट उपस्थित विद्वान् उप-न्यायाधिवक्ता श्री विदुरकुमार कार्कीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम नेपाल सरकारको निवेदन परेमा विपक्षीलाई झिकाउने वा सूचना/ जानकारी दिने कार्य अदालतको अभ्यासमा रहेको पाईंदैन। उक्त दफा बमोजिम परेको निवेदनमा तल्लो अदालतबाट भएको आदेशको रित बेरितमात्रै हेरिने हो। स्वच्छ सुनुवाईको हक संवैधानिक अधिकार हो जुन प्रत्येक नागरिकलाई समान प्रयोगको हक हुन्छ। कानूनबमोजिम तल्लो अदालतबाट भएको आदेशको रित बेरितसम्मको मूल्यांकनका लागि नेपाल सरकारको तर्फबाट परेको निवेदनमा विपक्षीलाई झिकाउँदा प्रकृया लम्बिन गई विचाराधीन मुद्दामा समेत निर्णय गर्न ढिलाई हुन सक्ने अवस्था सिर्जना हुन सक्छ।साथै रिट निवेदकले यस अदालतको मिति २०७७।०३।१५ को आदेश बदर गर्न माग नगरेको र सर्वोच्च अदालतलाई विपक्षीसमेत नबनाई रिट निवेदन दायर गरेकोमा अदालतबाट भएको एउटा आदेश बदर नगरीकनै अर्को आदेश जारी गर्न मिल्ने अवस्था रहदैंन। निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन रिट निवेदन खारेज हुनु पर्दछ भनी बहस जिकिर गर्नुभयो।

१४. अब यसमा निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने वा नहुने के हो? स्वच्छ सुनुवाईको प्रत्याभूति दिने गरी कुनै प्रकारको निर्देशनात्मक आदेश जारी गर्नु पर्दछ वा पर्दैन? भन्ने समेतका प्रश्नमा निर्णय दिनु पर्ने देखियो।

१५. निर्णयतर्फ विचार गर्दा, निवेदक भेषराज खत्री उपर चलेको ०७६-CB-०५७२ को बैङ्किङ्ग कसूर मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७६/६/१० मा रु. १,५८,००,०००।- धरौट लिने गरी आदेश भएको र निज सो बमोजिम धरौट राखी तारिखमा रहेको देखिन्छ। यसपछि वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको निवेदन अनुसार मिति २०७७/३/१५ मा निज प्रतिवादी भेषराज खत्रीलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी आदेश भएको पाइयो। सो आदेश अनुसार भनी निजलाई मिति २०७७/१२/१६ मा थुनामा राख्न पठाएको देखिन्छ। मिति २०७७/३/१५ मा यस अदालतबाट थुनामा राख्ने आदेश भएपश्चात पनि निवेदक भेषराज खत्रीलाई करिब नौ महिनासम्म पटक-पटक विभिन्न नौ पटक तारिख तोकिएको र त्यसपछि मात्र थुनामा राख्न पठाइएको देखियो। यसपछि मिति २०७७/१२/२२ मा यस अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन पर्न आएको पाइयो।

१६. प्रस्तुत विवाद सम्बन्धी रिट निवेदनमा मुद्दामा पुर्पक्षका लागि निवेदकलाई थुनामा राख्ने भनी आदेश गर्ने सर्वोच्च अदालतलाई प्रत्यर्थीको रुपमा उल्लेख नगरिएको हुँदा उक्त निवेदन अनुसार उपचार प्रदान गर्न मिल्दैन भनी प्रत्यर्थीका तर्फबाट जिकिर प्रस्तुत हुन आएको देखिन्छ। अदालत विवादको पक्ष वा विपक्ष नभएर विवादको निरुपण गर्ने न्यायिक निकाय हो। अदालतबाट हुने गरेका न्यायिक निर्णयहरु उपर पुनरावेदन गर्दा निर्णय/फैसला गर्ने अदालतलाई प्रत्यर्थी बनाउनु आवश्यक र शोभनीय हुँदैन। प्रशासनिक प्रकृतिका काम कुरामा बाहेक यस अदालतबाट गरिएका न्यायिक प्रकृतिको आदेश, फैसला वा निर्णयको विषयमा यस अदालतलाई विपक्षी बनाउनु पर्ने कुराको कुनै कानूनी आवश्यकता देखिंदैन; त्यसो गर्नुको औचित्य पनि छैन। विवादका अन्य सरोकारवाला पक्षलाई विपक्षी बनाई मुद्दा दायर भएको अवस्थामा यस अदालतबाट भएका फैसला, आदेश वा न्यायिक निर्णयको विषयलाई लिएर परेका निवेदनका सन्दर्भमा यस अदालतलाई विपक्षी वा प्रत्यर्थीको रुपमा उल्लेख नगरिएको कुरालाई कानूनी रीत नपुगेको वा वेरीत भएको भनी मान्न मिल्दैन। विवादका सम्बन्धित पक्षलाई प्रत्यर्थीको रुपमा उल्लेख गर्नु नै पर्याप्त हुन्छ। त्यसैले यस अदालतलाई प्रत्यर्थीको रुपमा उल्लेख नगरेको भन्ने आधारमा निवेदन रीतपूर्वक नपरेको भनी मान्न मिल्ने देखिंदैन।

१७. प्रस्तुत विवादमा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो वा होइन भन्ने मूल प्रश्न रहेको देखिन्छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनका लागि थुना गैरकानूनी छ भन्ने देखिनु आवश्यक हुन्छ। नियमित न्यायिक प्रकृया अन्तर्गत साधिकार अदालतबाट भएको आदेशको परिणामस्वरुप मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको कुरालाई सामान्यतयाः गैरकानूनी थुना भनी मान्न मिल्ने देखिंदैन। प्रस्तुत विवादका सन्दर्भमा हेर्दा केही विषय वा कानूनी पक्षहरु विचारणीय र न्याय प्रणाली प्रभावित हुने प्रकृतिका कारणहरु विद्यमान रहेका देखिन आएका छन्। <u>पहिलो कारणः</u> मुद्दाको पक्ष वादी नेपाल सरकारलाई प्रत्यर्थीको रुपमा उल्लेख गरी निवेदन परेको देखिंदैन। वैङ्किङ्ग कसूर सम्बन्धी मुद्दाको वादी पक्ष नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको निवेदनका आधारमा मिति २०७७/३/१५ मा यस अदालतबाट प्रमाणको मूल्याङ्कन गरी मुद्दामा पुर्पक्षका लागि निवेदक भेषराज खत्रीलाई थुनामा राख्ने गरी आदेश भएको देखिन्छ। सो बैंङ्किङ्ग कसूर सम्बन्धी मुद्दाको वादी नेपाल सरकार र प्रतिवादी भेषराज खत्रीसमेत रहेको कुरामा विवाद छैन। यस अवस्थामा मुद्दाको पक्षको रुपमा रहेको नेपाल सरकारलाई प्रत्यर्थीको रुपमा उल्लेख नै नगरी केवल मुद्दा चलेको उच्च अदालत पाटन र अदालतको आदेश अनुसार निवेदकलाई थुनामा राख्ने कारागार कार्यालय नख्खुलाई मात्र प्रत्यर्थीको रुपमा उल्लेख गरेको देखियो। यस अर्थमा हेर्दा प्रस्तुत रिट निवेदन रीतपूर्वक दायर हुन आएको देखिएन। <u>दोस्रो कारणः</u> निवेदक प्रतिवादीलाई थुनामा राख्ने गरी भएको यस अदालतको मिति २०७७/३/१५ को आदेश बदरका लागि निवेदन जिकिर रहेको देखिंदैन। जुन आदेश वा निर्णयका आधारमा थुनामा राखिएको हो, सो आदेश वा निर्णय बदर तर्फ दावी नै नगरिएको र आदेश वा निर्णयको अस्तित्व कायम रहीरहेको अवस्थामा साधिकार अदालतको निर्णय वा आदेशद्वारा स्थापित मान्यता प्रतिकूल हुने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु सामान्यतयाः मनासिव हुँदैन। हदम्याद, हकदैया, अधिकारक्षेत्र सम्बन्धी कुनै गम्भीर त्रुटी कायम रहेको वा न्यायको दुरुपयोग (Miscarriage of justice) हुन गई निवेदक उपर गम्भीर अन्याय (Gross injustice) भएको स्थिति देखिन आएको अवस्थामा यदाकदा रिट क्षेत्राधिकारबाट पनि न्यायिक उपचार प्रदान गर्नु पर्ने स्थिति रहन सक्तछ। तर यसलाई अपवाद अवस्थाको रुपमा ज्यादै सीमित

अर्थमा (Rarest of the rare case मा) मात्र प्रयोग गर्न सकिन्छ। थुनामा राख्ने सम्बन्धमा भएको आदेशमा कायम रहन पुगेको कुनै सामान्य कानूनी त्रुटी औंल्याएर सो आदेश कायम छँदै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु हामीले अख्तियार गरी आएको न्यायिक मान्यता र प्रचलन अनुकूल हुँदैन। <u>तेश्रो कारण:</u> यस अदालतको संयुक्त इजलासबाट नियमित न्यायिक प्रकृया अनुसार मुद्दाको रोहमा प्रमाणको मूल्याङ्कन गरी भएको आदेशलाई बन्दीप्रत्यक्षीकरणको विषय बनाउनु मनासिव देखिंदैन। यदि संयुक्त ईजलासको आदेशमा त्रुटी रहेका कारणबाट पक्षलाई मर्का परेको छ भने सो कुराका लागि कानूनमा व्यवस्था भए बमोजिम मुद्दामा पुनरावलोकन गरी हेरिने मार्ग अबलम्बन गरिनु पर्दछ। बन्दीप्रत्यक्षीकरणको रिटलाई पुनरावेदन वा पुनरावलोकनको वैकल्पिक व्यवस्थाको रुपमा हेरिनु हुँदैन। यस अदालतबाट भएको न्यायिक प्रकृतिको आदेश वा निर्णयलाई बन्दीप्रत्यक्षीकरणको बिषय बनाउने हो भने निर्णयको अन्तिमताको सिद्धान्त (Doctrine of Finality of Judgement) सम्बन्धी न्यायिक अवधारणा समेत प्रभावित हुन जाने देखिन्छ। यसरी विविध पक्षमा विचार गर्दा निवेदकेलाई गैरकानूनी रुपमा बन्दी बनाएको भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनेसम्मको पर्याप्त आधार र कारण देखिन आएन। तसर्थ निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन।

१८. रिट निवेदकको माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनेसम्मको अवस्था नदेखिए तापनि निवेदकले सुनुवाईको स्वच्छता सम्बन्धी केही महत्वपूर्ण प्रश्नहरु उठाउनु भएको सन्दर्भमा ती प्रश्नहरुको सम्वोधन हुन आवश्यक देखिन्छ। मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम मुद्दाको कारवाहीका क्रममा बेरीत भयो भनी पर्ने निवेदन उपर पुनरावेदन सुन्ने अदालतबाट सुनुवाई गर्दा अर्को पक्ष सामेल हुन आएमा सामेल हुन दिने र निजको भनाई समेतको सुनुवाई गर्ने गरिएको पाइन्छ। यसरी आफै सामेल हुन नआएको अवस्थामा पनि सरकारवादी भई चलेका मुद्दामा व्यक्ति (प्रतिवादी) को निवेदन परेको अवस्थामा सम्बन्धित सरकारी वकीलको कार्यालयलाई सुनुवाईको मौका स्वरुप सूचना दिने गरिएको देखिन्छ। तर सरकारवादी हुने फौजदारी मुद्दामा नेपाल सरकारको तर्फबाट पर्न आएका निवेदनका

सन्दर्भमा भने सामान्यतया: (केही अपवाद अवस्थामा बाहेक) सम्बन्धित प्रतिवादीलाई उपस्थितिका लागि सूचना नै नदिईने र एकतर्फी सुनुवाईको आधारमा मातहत अदालतबाट भएको आदेश बदर, परिवर्तन, उल्टी आदि गर्ने प्रचलन रही आएको पाइन्छ। यस प्रकारको अभ्यास स्वच्छ सुनुवाईका दृष्टीले त्रुटिपूर्ण छ भनी निवेदक तर्फबाट प्रश्न उठाइएको पाइयो।

१९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) मा पुनरावेदनको सुनुवाई गर्दा "तल्लो अदालतबाट भएको निर्णय फरक पर्न सक्ने देखिएमा त्यसको कारण खुलाई पुनरावेदन सुन्ने अदालतले सुनुवाइको लागि प्रत्यर्थी झिकाउने आदेश गर्ने" र यसरी आदेश भएपछि उपदफा (४) बमोजिम "पुनरावेदन सुन्ने अदालतले पुनरावेदनपत्रको प्रतिलिपि साथै राखी प्रत्यर्थीको नाउँमा बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र उपस्थित हुन म्याद जारी गर्नु पर्ने" व्यवस्था समेत रहेको छ। तर दफा ७३ बमोजिम परेका निवेदन उपर सुनुवाई गर्ने सन्दर्भमा यसरी अर्को पक्षलाई झिकाउने र म्याद जारी गर्ने कुरा उल्लेख भएको देखिंदैन। यस पक्षमा कानूनले प्रष्ट मार्गदर्शन गरेको नदेखिएको हुँदा नेपालको संबिधानको धारा १८, धारा २०, धारा १२६ र धारा १३३ समेतका प्रावधान तथा न्यायिक मान्यता/सिद्धान्त समेतका आधारमा अबको न्यायिक अभ्यास निर्देशित हुनु वाञ्छनीय देखिन्छ।

२०. नेपालको संविधानको धारा १८(१) मा "सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन" भनी समानताको हक सम्बन्धी व्यवस्था रहेको छ। व्यक्तिले (प्रतिवादीले) गरेको निवेदनको सन्दर्भमा वादी पक्ष नेपाल सरकारलाई सुनुवाईका लागि उपस्थित हुन सूचना दिने, तर वादी नेपाल सरकारको तर्फबाट परेको निवेदनका सन्दर्भमा भने प्रतिवादीलाई सुनुवाईको सूचना नदिने गरिँदा कानूनको समान संरक्षणको हकबाट बञ्चित हुन पुग्ने स्थिति समेत आई पर्दछ। यस प्रकारको प्रचलनबाट मानव अधिकार विधिशास्त्रका सन्दर्भमा विकशित प्रतिरक्षा कार्यमा समानता (Equality of Arms) सम्बन्धी अवधारणाको समेत प्रतिकूल हुन जाने देखिन्छ।

२१. नेपालको संविधानको धारा २० मा न्याय सम्बन्धी केही महत्वपूर्ण हकहरु व्यवस्थित छन्। यसमध्ये उक्त धाराको उपधारा (२) मा रहेको "**पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह**

लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ" भन्ने प्रावधान; उपधारा (८) मा रहेको **"प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ"** भन्ने प्रावधान, उपधारा (९) मा रहेको **"प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ"** भन्ने प्रावधान; र उपधारा (१०) मा रहेको **"असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ"** भन्ने प्रावधान प्रस्तुत विवाद निरुपणको क्रममा सान्दर्भिक र महत्वपूर्ण देखिन्छ। उल्लिखित धारा २० को उपधारा (२) र (१०) ले थुनामा राखिएको विषयमा सुनुवाई हुँदाको अवस्थामा कानून व्यवसायीको सहयोग लिन पाउने हकलाई मौलिक अधिकारको रुपमा व्यवस्थित गरेको छ। कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने अवसर नै प्राप्त नहुने गरी सम्बन्धित पक्ष वा निजको कानून व्यवसायीलाई जानकारी नै नदिई एकतर्फी रुपमा वादी पक्षको जिकिर मात्र सुनुवाई गरेर मातहत अदालतको आदेश परिवर्तन गरी प्रतिवादीबाट धरौट लिने वा थुनामा राख्ने आदेश गरिदा संविधानको धारा २० को उपधारा (२) र (१०) बमोजिमको हकमा आघात पर्न जाने अवस्था रहन्छ। यसका साथै, प्रतिवादीलाई सुनुवाई सम्बन्धी कुराको सूचना नै नदिई एकतर्फी रुपमा वादी पक्षको जिकिर मात्र सुनी निज प्रतिवादीको हीत प्रतिकूल हुने गरी आदेश गरिदा संविधानको धारा २० को उपधारा (८) मा रहेको **"कारवाहीको जानकारी पाउने हक"** तथा उपधारा (९) मा रहेको **"स्वच्छ सुनुवाईको हक"** समेत प्रभावित हुन जाने स्थिति देखिन्छ।

२२. नेपालको संविधानको धारा १२६(१) मा **"नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ"** भनी न्याय सम्बन्धी अधिकारको प्रयोग गर्दा **"न्यायका मान्य सिद्धान्त बमोजिम"** गर्नु पर्ने कुरा निर्देशित गरेको देखिन्छ। संविधानको धारा २०(९) मा **"स्वच्छ सुनुवाईको हक"** यदि उल्लेख नभएकै अवस्था हुन्थ्यो भने पनि धारा १२६ बमोजिम न्यायका मान्य सिद्धान्तको रुपमा रहेको स्वच्छ सुनुवाई सम्बन्धी सिद्धान्तको अनुशरण गर्नु अदालतको कर्तव्य बन्ने थियो। तर वर्तमान संविधानले "स्वच्छ सुनुवाई" गर्नु पर्ने कुरालाई व्यक्तिको मौलिक हकको रुपमा समेत उल्लेख गरेको अवस्था हुँदा प्रचलन, परम्परा वा अभ्यास जस्ता कुराको

आडमा स्वच्छ सुनुवाईको मान्यता प्रतिकूलका काम कारवाहीको औचित्य प्रमाणित हुन सक्ने देखिंदैन।

२३. स्वच्छ सुनुवाई सम्बन्धी सिद्धान्त लामो समयको न्यायिक अभ्यासबाट स्थापित मान्यता हो। यस विषयमा अमेरिकी सर्वोच्च अदालतले सन् १९६६ मा नै Miranda v. Arizona (384 U.S. 436) को विवादमा विसद् व्याख्या गरेको पाइन्छ। बेलायत, भारत लगायत अनेकौं देशका न्यायिक अभ्यासका सन्दर्भमा यो स्वच्छ सुनुवाईको सिद्धान्तको अनुशरण गर्नु पर्ने अनिवार्यता स्वीकार गरिएको देखिन्छ। International Covenant on Civil and Political Rights, 1966 को धारा १४ मा समेत राज्यहरुले स्वच्छ सुनुवाईको प्रत्याभूति दिनु पर्ने अनिवार्यता औल्याइएको छ। यज्ञमुर्ति बञ्जाडेको विवाद® लगायत यस अदालतबाट समय समयमा भएका अनेकौं फैसलाहरुका सन्दर्भमा स्वच्छ सुनुवाईको प्रत्याभूति दिइनु पर्ने भनी व्याख्या भएको र न्यायिक सिद्धान्तको विवेचना गरिएको देखिन्छ। यस प्रकार आम अभ्यासमा रहेको विधिशास्त्रीय मान्यता प्रतिकूल हुने गरी अहिले हाम्रो सन्दर्भमा न्यायिक काम कारवाही सञ्चालित भई रहनु शोभनीय हुँदैन।

२४. मुद्दामा गरिएको कारवाहीका सन्दर्भमा रीत बेरीत सम्बन्धी प्रश्न उठाई पुनरावेदन सुन्ने तहको अदालतमा गरिने निवेदन सम्बन्धमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. मा ***"पुनरावेदन सुन्ने अड्डाले आफना मातहतका अड्डामा परेका मुद्दाको कामकारबाहीमा म्याद नाघेको वा वेरित भएको छ भन्ने कुरा झगडियाका निवेदनबाट वा अरु कुनै किसिमसंग थाहा पाएमा आवश्यकता अनुसार सो मुद्दाको मिसिल समेत झिकी पन्ध्र दिनसम्ममा कैफियत तलब गरी बुझ्दा म्याद नघाएको वा बेरीत भएको देखिएमा कानून बमोजिम गर्नु गर्न लाउनु पर्छ"*** भन्ने व्यवस्था रहेको थियो। उक्त ऐनलाई प्रतिस्थापन गरी जारी भएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ मा ***"यस परिच्छेद बमोजिम भएको थुनछेक वा तोकिएको धरौट, जमानत वा बैङ्क जमानतमा चित्त नबुझ्ने पक्षले एक तहसम्म पुनरावेदन सुन्ने***

---

® यज्ञमूर्ति बन्जाडे बि. दुर्गादास श्रेष्ठ, बागमती विशेषअदालतसमेत, बन्दीप्रत्यक्षीकरण, ने.का.प. २०२७, नि.नं. ५४७ ।

*अदालतमा निवेदन दिन सक्नेछ। तर जन्मकैद वा दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा भएको थुनछेकको आदेश वेरीत भएको प्रश्नमा एक तहभन्दा माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिनेछ"* भन्ने प्रावधान रहेको देखिन्छ। वर्तमान कानूनमा "अरु कुनै किसिमसंग थाहा पाएमा" भनी पूर्ववर्ती कानूनमा उल्लेख भएजस्तो प्रावधान समावेश रहेको देखिंदैन। यस सम्बन्धमा **न्याय प्रशासन ऐन, २०७३ को दफा १५(१) मा** पनि *"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेश उपर चित्त नबुझ्ने पक्षले एक तह माथिको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ"* भन्ने प्रावधान रहेको देखिन्छ। सो दफाको उपदफा (२) ले *"दश वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश उपर कानूनी त्रुटी वा कार्यविधि सम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिन"* सकिने अपवादस्वरुपको व्यवस्था गरेको देखिन्छ। यस प्रकार पक्षले निवेदन गर्न पाउने कुरालाई कार्यविधिगत र उपचारात्मक प्रत्याभूतिको रुपमा वर्तमान कानूनले स्वीकार गरेको देखिन्छ। उल्लिखित प्रावधानहरुको प्रयोग पनि न्यायशील रुपमा नै गरिनु वाञ्छनीय छ।

२५. नेपालको संविधानको धारा **१३३ को उपधारा (२) मा** "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनित्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भनी उल्लेख भएको छ।

२६. अतः स्वच्छ सुनुवाईको सिद्धान्तको अनुशरण गरी नेपालको संविधानको धारा १८ को उपधारा (१); धारा २० को उपधारा (२), (८), (९) र (१०); धारा १२६

को उपधारा (१) मा रहेका प्रावधान तथा न्यायका मान्य सिद्धान्त र प्रचलन अनुकूल हुने गरी सुनुवाई प्रकृया व्यवस्थित हुनु वाञ्छनीय देखिएकाले नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम आवश्यक र उपयुक्त आदेशको रुपमा यस अदालतको प्रशासन/मुद्दा व्यवस्थापन तथा मातहतका सबै अदालतहरुका नाउँमा देहाय बमोजिमको निर्देशनात्मक आदेश जारी हुने ठहर्छः

क. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम दायर हुन आएका निवेदनका सन्दर्भमा सुनुवाई गर्दा तल्लो अदालतबाट भएको आदेश/निर्णय फरक पर्न सक्ने देखिएमा उल्लिखित निवेदन/प्रतिवेदन उपर सुनुवाई गर्ने अदालतले सुनुवाइको लागि प्रत्यर्थी (अवस्थानुसार वादी वा प्रतिवादी) पक्षलाई सुनुवाईमा उपस्थित हुन सूचना दिई प्रतिवादको अवसर प्रदान गरेर मात्र मातहतका अदालतबाट भएका आदेशमा कानून बमोजिम परिवर्तन गर्ने गर्नू र यसरी सूचना दिंदा सो निवेदन सम्बन्धी मुद्दा दायर रहेको अदालत मार्फत जनाउ दिने गर्नू भनी मातहतका सबै अदालतहरुका नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

ख. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम दायर हुन आएका निवेदन/प्रतिवेदनका सन्दर्भमा सुनुवाई गर्दा अपनाउने कार्यविधि कानूनद्वारा निर्धारण गर्नु वाञ्छनीय देखिएकाले सबै तहका अदालत सम्बन्धी नियमावलीहरुमा सो सम्बन्धी आवश्यक प्रकृयागत प्रावधान समावेश गर्न नियमावलीहरुमा आवश्यक संशोधनका लागि मसौदा-प्रस्ताव तयार गरी यथाशिघ्र यस सर्वोच्च अदालतको पूर्ण वैठकमा विचारार्थ पेश गर्नू भनी यस अदालतका मुख्य रजिष्ट्रारको नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

ग. मुद्दाको प्रकृति, रिट निवेदक भेषराज खत्री सरहका प्रतिवादीबाट धरौट लिई तारिखमा राख्ने गरी आदेश भएको स्थिति, मुद्दा दायर भएको दुई बर्ष नाघिसकेको अवस्था समेतका समग्र पक्षमा विचार गर्दा निज निवेदक उपर चलेको ०७६-CB-०५७२ को बैंङ्किङ्ग कसूर मुद्दा छिटो-छरितो रुपमा किनारा

हुन आवश्यक देखिएको हुँदा उक्त मुद्दालाई विशेष प्राथमिकताका साथ अग्राधिकार दिई यथाशिघ्र किनारा गर्नू भनी प्रत्यर्थी मध्येको उच्च अदालत पाटनका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ।

२७. प्रत्यर्थीहरु समेतको जानकारीका लागि यो आदेशको प्रतिलिपी सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई दिनू। निवेदन दायरीको लगत कट्टा गरी, यो आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(ईश्वर प्रसाद खतिवडा)
न्यायाधीश

उपरोक्त रायमा हामीहरु सहमत छौं ।

(डा. मनोज कुमार शर्मा)
न्यायाधीश

(मीरा खड्का)
न्यायाधीश

इजलास अधिकृत:- सदिक्षा नेपाल/नम्रता गैरे

ईति सम्बत् २०७८ साल आश्विन १४ गते रोज ५ शुभम् ............................ ।